यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७३ कात्तिक १२ (२८ अक्टोबर २०१६) को अङ्ग्रेजी मूल संस्करणमा आधारित छ।

ADB ASIAN DEVELOPMENT BANK

**नेपालः उर्जा प्रशारण र वितरण क्षमता अभिवृद्धि आयोजना**

| | |
|---|---|
| आयोजनाको नाम | उर्जा प्रशारण र वितरण क्षमता अभिवृद्धि आयोजना |
| आयोजना नम्बर | ५००५९-२२२ |
| देश | नेपाल |
| अयोजनाको अवस्था | प्रस्तावित |
| आयोजनाको प्रकार⁄ सहयोगको रूपरेखा | ऋण |
| लगानीको स्रोत⁄परिमाण | **ऋण : उर्जा प्रशारण र वितरण क्षमता अभिवृद्धि आयोजना**<br>एसियाली विकास कोष — १२ करोड अमेरिकी डलर |
| रणनीतिक एजेन्डाहरु | वातावरणीय दिगो वृद्धि<br>समावेशी आर्थिक वृद्धि |
| परिवर्तनका वाहकहरु | सुशासन र क्षमता विकास<br>ज्ञान समाधान<br>साझेदारी<br>निजी क्षेत्र विकास |
| क्षेत्र⁄उपक्षेत्र | उर्जा-उर्जा क्षमता र संरक्षण |
| लैंगिक समता र मुल प्रवाहिकरण | केही लैंगिक तत्वहरु |
| विवरण | विद्युत कुनैपनि मुलुकको आर्थिक विकासलाई गती दिने अत्यावस्यक तत्व हो र यसलाई जीवनको गुणस्तर सुधार गर्नका लागि महत्वपूर्ण हुने मानिदै आएको छ। समग्रमा विद्युतको माग आपूर्ति भन्दा धेरै बढी भएको छ। यसले भार कटौतीको अवस्था सिर्जना गरेको छ र पछिल्लो समयमा भारतबाट गरिने आयातमा निर्भरता बढाएको छ। आर्थिक वर्ष २०१३⁄ २०१४ को उच्च माग जडित क्षमता ७८७ मेगावाटको तुलनामा १ हजार २०० मेगावाट थियो। यो माग र आपूर्तिको उच्च अन्तरको अवस्था हो। उत्पादन र मागको अन्तरका कारण उक्त समयमा ४४० मेगावाट अपुग देखियो। सरकारले आगामी १० वर्षको अवधिमा थप १० हजार मेगावाट विजुली उत्पादन गर्ने योजना बनाएको छ। नेपालको कुल जनसंख्याको ६३ प्रतिशतको विजुलीमा पहुँच रहेको छ। तर, वितरित विजुलीको गुणस्तर विश्वसनिय र उपयुक्त छैन। सरकारले तत्काल पुराना भइसकेका वितरण प्रणालीको सुधार र |

| | |
|---|---|
| | नविकरणको खाचोको आवश्यकता महसुस गरेको छ। उत्पादन र प्रशारण लाइनको कामलाई योजनामा राखिएता पनि उपभोक्तालाई आवश्यक उर्जा आपूर्ति गर्न यसको आवश्यकता छ। यसका लागि उर्जा संकट सम्बोधन गर्न र आगामी २०३० सम्ममा सबैका लागि विस्वसनिय र गुणस्तरिय बिजुलीको पहुँचका लागि सरकारको कार्यगत योजनामा वितरण नेटवर्क अभिवृद्धिलाई तत्काल समावेश गरिनु आवश्यक छ।<br>यसले सबैका लागि दिगो उर्जा (दिगो विकास लक्ष्य नम्बर ७) प्रवर्द्धनमा योगदान पुऱ्याउने छ र संयुक्त राष्ट्र संघको जलवायु परिवर्तनको संरचनात्मक सम्मेलनका लागि नेपालले इच्छा व्यक्त गरेको राष्ट्रिय निर्धारित प्रतिबद्धताको प्रवर्द्धनमा पनि योगदान पुऱ्याउने छ।<br>एडीबीको नेपाल राष्ट्रिय साझेदारी रणनीति २०१३ देखि २०१७ ले समावेशी आर्थिक वृद्धि र यसलाई बढाउने सरकारको विकास लक्ष्यलाई सहयोग गर्छ। यसले उर्जा सेवा र व्यवसाय र रोजगारी अवसरलाई सक्षम बनाउने वातावरण सिर्जना जस्ता प्रमुख क्षेत्रमा देखिएको पूर्वाधार अवरोधलाई सम्बोधन गर्न खोजेको छ। नेपालमा उर्जा क्षेत्रमा एडीबीको सहयोगले केही वितरण विस्तार सहित उर्जा सिर्जना र प्रशारणलाई जोड दिएको छ। वितरण प्रणाली सुधारमा केन्द्रित यस प्रकारको आयोजनामा नेपालमा एडिबीले पहिलोपटक लगानी गर्न लागेको हो। |
| आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध | एसियाली विकास बैंक (एडीबी) ले नेपाल सरकारलाई काठमाडौ उपत्यकामा विद्युत वितरणको नेटवर्कको तत्कालिन आवश्यकता पूर्ति र नेपाल विद्युत प्राधिकरणको सम्बन्धित प्रशारण लाइनलाई सबल बनाउन ऋण दिनेछ। उपत्यकाका भइरहेमा वितरण नेटवर्कका प्रमुख खण्डहरु दसकौ अडाडि निर्माण गरिएका छन्। विद्युतको ठूलो माग र प्रसस्त संख्याका उपभोक्ताका बावजुद वितरण नेटवर्कको सबलिकरणका काम थोरै मात्र सञ्चालन गरिएको छ। यो आयोजनाले वितरण क्षमताको अभिवृद्धि गर्ने र विस्वसनियताको सुधार गर्नुका साथै वितरण प्रणालीको अधिक भार, प्राविधिक र आर्थिक घाटा (हाल यो २० प्रतिशत छ) घटाएर विद्युत आपूर्तिको विस्वसनियता र गुणस्तरमा सुधार गर्नेछ।<br>यो आयोजनाले अन्य प्रणाली क्षमताको आधुनिकिकरण गर्ने आधुनिक ग्रिड सञ्चालन सफ्टवेयर, वितरण प्रणाली अटोमेसन र स्मार्ट मिटरिङ जस्ता उर्जा सक्षम गतिविधिको कार्यान्वयनमा पनि सहयोग गर्नेछ। प्रणाली क्षमता सुधार र घाटा कटौतीले नेपाल विद्युत प्राधिकरणको वित्तीय अवस्थामा सुधार ल्याउने छ। उपभोक्ताले पनि विश्वसनिय र सुधारिएको विद्युत् आपूर्तिबाट लाभ लिनेछन् र उनीहरुको दैनिक बिजुली आवश्यकता पुरा गर्न डिजेल जेनेरेटरमाथिको निर्भरतालाई पनि घटाउने छ। सञ्चालनको आधुनिकिकरणले आगामी तीनदेखि चार वर्षको अवधिमा आउने तय भएको नयाँ उर्जा क्षमताको एकिकरणलाई सहयोग गर्नेछ। मुलुकका अन्य शहरमा यो आयोजना नमूनाका रुपमा लागू गर्न सकिने छ। |
| प्रभाव | २०३० सम्म सबैका लागि विश्वसनिय र प्रभावकारी बिजुली |
| प्रतिफल | काठमाण्डौ उपत्यकामा सक्षम, उपयुक्त र गुणस्तरिय उर्जा आपूर्तिमा पहुँच |
| नतिजा | १.काठमाण्डौ उपत्यकाको प्राथमिक वितरण नेटवर्कलाई आपूर्ति गर्न प्रशारण ग्रिड क्षमताको सबलीकरण<br>२.काठमाण्डौ उपत्यकाको वितरण नेटवर्क क्षमता बढ्ने<br>३. नेपाल विद्युत प्राधिकरणको सञ्चालन र वित्तीय भूमिका सम्पादनमा सुधार |
| भौगोलिक अवस्थिति | |

**सूरक्षण समूहरु**

| | |
|---|---|
| वातावरण | बी |
| अस्वैच्छिक पुनर्वास | बी |
| आदिवासी जनता | सी |

**वातावरणीय र सामाजिक पक्षको साराशं**

| | |
|---|---|
| वातावरणीय पक्ष | |
| अनिच्छित पुनर्वास | |
| आदिवासी जनता | |
| **सरोकारवालासँगको सञ्चार, सहभागीता र परामर्श** | |
| आयोजनाको निर्माणको अवधि | |
| आयोजना कार्यान्वयको अवधि | |

**व्यवसायीक अवसर**

| | |
|---|---|
| परामर्श सेवा | यो आयोजनाले एडीबीको सहयोगको मातहतमा कुनै पनि परामर्शको प्याकेजको परिकल्पना गरेको छैन । |
| खरिद | सम्पूर्ण वस्तुको खरिद कार्य खरिद सम्बन्धी एडिबीको निर्देशिका (२०१५, पछिल्ला संशोधनहरू समेत) बमोजिम हुने छ । कुनैपनि खरिदको सुरु गर्नु पूर्व एडीबीको खरिद निर्देशिकासँग मिल्दो जुल्दो हुनका लागि एडीबी र सरकारले केन्द्रीय र राज्य सरकारको सार्वजनिक खरिद कानुनको समीक्षा गर्नेछ । आयोजनाको मातहतमा घरेलु विद्युत क्षमता, नगरपालिकाका सडक बत्ती र कृषि माग पक्षको व्यवस्थापन कार्यक्रमका लागि गरिने सामग्रीको खरिदको क्षेत्र सिमित हुनेछ । सेवा र परामर्शदाताको खरिद ईईएसएलले सञ्चालन गर्नेछ । यसमा आफ्नै कोषको प्रयोग हुनेछ र आफ्नै प्रक्रियालाई अनुसरण गरिनेछ । अनुमानित टेन्डर मूल्य खरिद योजनाले गरेको परिभाषा अनुसार थ्रेसहोल्डको सीमाभन्दा माथि भएको अवस्थामा अन्तरराष्ट्रिय प्रतिस्पर्धी बिडिङ(आईसीबी) लाई स्वीकार गरिनेछ । यसैगरी टेन्डर आह्वानका लागी थ्रेसहोन्डको सीमा सम्म अनुमानित मुल्यका साथ राष्ट्रिय प्रतिस्पर्धी बिडिङ (एनसीबी) लाई प्रयोग गरिने छ । घरेलु बत्ती (डोमेस्टिक लाइटिङ), नगरपालिकाको सडक बत्ती ( मिनिसिपल स्ट्रिट लाइटिङ) र कृषि माग पक्षको व्यवस्थापन कार्यक्रम (एग्रिकल्चर डिमान्ड साइड म्यानेजमेन्ट प्रोग्राम्स) उर्जा क्षमता हस्तक्षेपका लागि निर्माण र कार्यान्वयका लागि ईईएसएलसँग पर्याप्त क्षमता रहेको छ । ईईएसएले राम्रो भूमिका प्रदर्शन गरेको छ । यसले सामानको खरिद र डीएसएम कार्यक्रमको काममा पनि राम्रो रेकर्ड कायम गरेको छ । यसको एनसीबी प्रक्रियामा पनि पर्याप्त ज्ञान रहेको छ । |

**जिम्मेवार कर्मचारी**

| | |
|---|---|
| जिम्मेवार एडीबी अधिकारी | आचार्य, जीवन एस |
| जिम्मेवार एडीबी विभाग | दक्षिण एसिया विभाग |
| जिम्मेवार एडीबी विभाग | उर्जा विभाग, एसएआरडी |
| कार्यान्वयन गराउने निकाय | नेपाल विद्युत प्राधिकरण<br>पी.ओ.बी. ५३५२<br>काडमाडौ, नेपाल |

**समय तालिका**

| | |
|---|---|
| अवधारणा अनुमोदन | २२ जुलाई २०१६ |

| | |
|---|---|
| तथ्य संकलन | १९ सेप्टेम्बर २०१६ देखि ३० सेप्टेम्बर २०१६ |
| व्यवस्थापन समीक्षा बैठक | २२ नोभेम्बर २०१६ |
| स्वीकृति | - |
| अन्तिम समीक्षा अभियान | - |
| पछिल्लो आयोजना तथ्यांक विवरण अद्यावधिक | २७ जुलाई २०१६ |

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ । किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलि रहने प्रक्रिया हो । कतिपय जानकारी सुरुकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारी अनुमानित तथा साङ्केतिक हुन् ।

एडिबीबाट यस आयोजना तथ्याङ्क विवरणमा दिइएका सूचना यसका प्रयोक्तालाई कुनै पनि किसिमको सुनिश्चितताविना स्रोतका लागि मात्र रहेका छन् । एडिबीले उच्च गुणस्तरको विवरण प्रदान गर्ने प्रयास गर्दा गर्दै पनि यी सूचना कुनै पनि किसिमको वचनवद्धताविना नै "यथा तथ्य"का, व्यावसायिकताको सीमित वचनवद्धता र खास प्रयोजनका लागि उपयुक्तताको वचनवद्धता विनाका तथा अनतिक्रम्य रहेका छन् । एडिबीले विशेष गरी यस्ता कुनै पनि सूचनाको तथ्यपरकता वा पूर्णताका सम्बन्धमा कुनै पनि प्रकारको वचनवद्धता वा प्रतिनिधित्व गर्दैन ।